कर्णाली प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र-संख्या: २०८०/०८१ च.सं.: 2104 मिति : २०८१/०२/१४

श्री नारायण प्रसाद सुवेदी
संयोजक
अनौपचारिक क्षेत्र सेवा केन्द्र, कर्णाली प्रदेश, सुर्खेत।

विषय: बैठकको निर्णय पठाएको सम्बन्धमा।

उपर्युक्त विषयमा कर्णाली प्रदेश सरकारका प्रमुख सचिव श्री चुडामणि पौडेलको संयोजकत्वमा आज मिति २०८१/०२/१४ गते बिहान ८:०० बजे बसेको मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयन प्रदेश समन्वय समितिको बैठकबाट भएका निर्णयको छायाँप्रति पाना एक तहाँको जानकारीको लागि यसै पत्रासाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु।

(शंकर बहादुर के.सी.)
सचिव (कानून)

निर्णयहरु:

(१) मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (आ.व. २०७७/७८-२०८१/८२) कार्यान्वयनको प्रगतिको समीक्षा गरियो।

(२) मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनामा समावेश भएका क्रियाकलापहरु कर्णाली प्रदेश सरकारका सबै मन्त्रालय र निकायले आगामी आर्थिक वर्षको आ-आफ्नो वार्षिक नीति, बजेट तथा कार्यक्रममा समावेश गर्ने।

(३) मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितताको लागि कार्ययोजनाले व्यवस्था गरेको जिल्ला समन्वय समिति र स्थानीय समन्वय समितिको गठन गर्नका लागि कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, कर्णाली प्रदेश कार्यालय, सुर्खेत र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), कर्णाली प्रदेश, सुर्खेतबाट आवश्यक समन्वय र सहजीकरण गर्ने।

(४) कर्णाली प्रदेश सरकारका सम्बन्धित मन्त्रालय र निकायले मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको प्रगति प्रतिवेदन नियमित रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुर्खेतमा पठाउने।

(५) प्रदेशस्तरमा मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको सम्बन्धमा भए गरेका काम कारबाहीहरुको एकिकृत प्रगति प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तयार गरी सङ्घीय समन्वय समितिमा पठाउने।

(६) प्रदेश तथा स्थानीय तहमा कार्ययोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चतताका लागि प्रदेशभित्र मानव अधिकारको क्षेत्रमा सक्रिय रहेका सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने।

(७) मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको प्रदेशस्तरमा प्रभावकारी रुपमा कार्यान्वयनको लागि प्रदेश सरकारले बनाउनु पर्ने कानून तर्जुमा गर्न प्रदेश सरकारलाई अनुरोध गर्ने।

(८) मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको जिल्लास्तरमा भएका कार्यान्वयनको प्रगति विवरण पठाउन सबै जिल्ला समन्वय समितिलाई अनुरोध गर्ने।

सचिव

प्रमुख सचिव

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल